नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय

फोन: ०१०-५४०१३१ कार्यालय
०१०-५४०१३२ प्र.जि.अ.
०१०-५४००१९ हटलाईन
फ्याक्स: ०१०-५४०१३३
ईमेल: rasuwadao@gmail.com
वेवसाईट: www.daorasuwa.moha.gov.np
476W+J6
धुन्चे, रसुवा

पत्र संख्या : ०७७/७८
चलानी नम्बर :

मितिः २०७८।०२।०३

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

## प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश

विश्वभर फैलिँदै गैरहेको नयाँ भेरियन्टको कोभिड-१९ को महामारी नेपालमा समेत फैलिएको र पछिल्ला दिनहरुमा यस जिल्लामा समेत संक्रमण तीव्ररुपमा बढी रहेको हुँदा कोभिड-१९ संक्रमणको रोकथाम र नियन्त्रणका लागि मिति २०७८।०१।२७ गते राती १२:०० बजेदेखि लागूहुने गरी मिति २०७८।०२।०३ गते राती १२:०० बजेसम्म रसुवा जिल्लाभर लागू हुनेगरी निषेधाज्ञा जारी गरेकोमा यस जिल्लामा कोभिड-१९ को संक्रममण दर बढ्दै गैरहेकोले समुदायस्तरमा संक्रमणको दर न्यूनीकरण गर्न जिल्लास्तरीय कोभिड-१९ संकट व्यस्थापन केन्द्र (DCCMC), रसुवाको मिति २०७८।०२।०३ गते बसेको बैठकबाट थप १० दिन निषेधाज्ञा जारी हुन सिफारिस भएको हुँदा नेपाल सरकार(मन्त्रिपरिषद्)बाट प्रत्यायोजित अधिकार बमोजिम संक्रामक रोग, २०२० को दफा २ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) बमोजिम मिति २०७८।०२।०३ गते राती १२:०० बजेदेखि मिति २०७८।०२।१३ गते राती १२:०० बजेसम्म निषेधाज्ञालाई निरन्तरता दिइएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

यस आदेशको उलङ्घन गर्ने, आदेशको पालना गर्ने कार्यमा अवरोध गर्ने, औषधि, औषधिजन्य सामग्री, अत्यावश्यक उपभोग्य बस्तु वा सेवाको आपूर्तिमा कृतिम अभाव सिर्जना गर्ने, मूल्यवृद्धि गर्ने, जम्माखोरी गर्ने, लुकाउने वा सहज आपूर्तिमा अवरोध गर्ने/गराउने कार्य गरेको पाईएमा स्थानीय प्रशासन ऐन, २०२८ र संक्रामक रोग ऐन २०२० बमोजिम कारवाही हुने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराईन्छ।

ईश्वरी प्रसाद ढकाल
प्रमुख जिल्ला अधिकारी